# शितगंगा नगरपालिकाको राजपत्र

## शितगंगा नगरपालिकाद्धारा प्रकाशित

खण्ड: १ , अर्घाखाँची, असार १० गते, २०७५ साल अंक: ५

## भाग-१

## शितगंगा नगरपालिका

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम नगरसभाले बनाएको तल लेखिए वमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### शितगंगा नगरपललिकको विनियोजन ऐन

**शितगंगा नगरपालिकाको आर्थिक बर्ष २०७५/२०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

सभाबाट स्वीकृत मितिः २०७५।०३।१०

**प्रस्तावना:** शितगंगा नगरपालिकाको आर्थिक बर्ष २०७५।०७६ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकमविनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२)बमोजिम शितगंगा नगरपालिकको नगर सभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भ:** (१)यस ऐनको नाम " **शितगंगा नगरपालिकाको विनियोजन ऐन, २०७५**" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२.**आर्थिक वर्ष २०७५।०७६को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार**: (१)आर्थिक वर्ष २०७५।०७६ को निमित्त नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालु खर्च, पूँजिगत खर्च समेत गरी जम्मा रकम रु **६२,१८,८७,०००।- (अक्षेरुपी बैसट्ठी करोड अठार लाख सतासी हजार रुपैया मात्र)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजन:** (१) यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५।०७६ को निमित्त शितगंगा नगरपालिको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र

कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्चमा विनियोजित रकम चालु खर्च शीर्षकमा रकमान्तर गर्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ

अनुसूचि-१
(दफा २ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम

रु हजारमा

| **क्र.सं.** | **अनुदान संख्या** | **शीर्षकको नाम** | **चालु खर्च** | **पूँजिगतखर्च** | | **वित्तियव्यवस्था** | **जम्मा** |
|---|---|---|---|---|---|---|---|
| **१** | **२** | **३** | **४** | **५** | | **६** | **७** |
| १ | | नगरकार्यपालिका | ७३१०० | १४२२८७ | | ० | २१५३८७ |
| २ | | वडा समिति | ० | ८४००० | | ० | ८४००० |
| ३ | | बिषयगत शाखा | ० | २४७५०० | | ० | २४७५०० |
| ४ | | सामाजिक सुरक्षा | ७५००० | ० | | ० | ७५००० |
| | | | **कुल जम्मा** | | | | **६२१८८७** |

प्रमाणिकरण
दस्तखत
सूर्य प्रसाद अधिकारी
नगर सभा अध्यक्ष
शितगंगा नगरपालिका
मिति :- २०७५/३/१०

**प्रमाणीकरण मितिः २०७५/०३/१२**

आज्ञाले,
हरि नारायण बेल्बासे
प्रमुख प्रशासकीय अधिकृत